# महिला उद्यमीहरुको प्रवर्द्धन सम्बन्धी राष्ट्रिय गोष्ठीको प्रतिवेदन

नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिले मिति २०७५ साल आश्विन १३ गते हेरिटेज गार्डेन, सानेपा ललितपुरमा महिला उद्यमीहरुको प्रवर्द्धन सम्बन्धी राष्ट्रियस्तरको कार्यशाला गोष्ठी आयोजना गऱ्यो ।

गोष्ठी आयोजनाको मुख्य उद्देश्य विद्यमान परिस्थितिमा महिला उद्यमीहरुले सामना गर्नुपरेका समस्याहरु एवं समस्या समाधानका लागि हुनुपर्ने व्यवस्थाहरूबारे सरोकारवाला सबै पक्षहरूको सहभागितामा छलफल गरी छलफलबाट प्राप्त निश्कर्ष एवं सुझावहरु सम्बन्धित निकायहरुमा पहलको लागि पेश गर्ने रहेको थियो ।

उक्त राष्ट्रिय गोष्ठीमा देशका सातैवटा प्रदेशका जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य संघका महिला उद्यमीहरु, महासंघका सदस्य संघ वस्तुगत संघ एवं अन्य सम्बन्धित संघ संस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको थियो । गोष्ठीमा भाग लिएका सहभागिहरुको नाम तथा प्रतिनिधित्व गरेको संघ संस्थाको नाम अनुसूचीमा प्रस्तुत गरिएको छ ।

**माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थम माया थापाज्यूबाट राष्ट्रिय गोष्ठीको समुद्घाटनः**

माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थम माया थापाज्यूबाट राष्ट्रिय गोष्ठीको समुद्घाटन गर्नु भएको थियो ।



**समितिका सभापति श्री कमला श्रेष्ठबाट स्वागत मन्तव्य :**

गोष्ठीमा महिला उद्यमी विकास समितिका सभापति श्री कमला श्रेष्ठले स्वागत मन्तव्य दिनु भएको थियो । गोष्ठीमा महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य श्री चण्डिराज ढकाल, वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छा, कार्यकारिणी समितिका सदस्य श्री ज्योत्सना श्रेष्ठले राष्ट्रिय अर्थतन्त्रमा महिला उद्यमीहरुले निभाएको योगदानबारे मन्तव्य राख्नु भएको थियो ।




महिला उद्यमी विकास समितिका सभापति श्री कमला श्रेष्ठले स्वागत मन्तव्यको क्रममा महिला उद्यमीहरुको विकासको लागि मुख्यतया ऐन नियममा सुधार, वित्तीय पहुंच तथा बजारको व्यवस्थापन हुनुपर्ने कुरामा जोड दिनु हुंदै

समितिबाट प्राथमिकताको आधारमा गर्दै आएका कार्यहरुबारे जानकारी गराउनु भएको थियो ।

**महासंघका कार्यकारिणी समिति सदस्य श्री ज्योत्सना श्रेष्ठबाट मन्तव्य :**



महासंघका कार्यकारिणी समिति सदस्य श्री ज्योत्सना श्रेष्ठले कार्यक्रममा महिला उद्यमीहरुको उपस्थिति देख्दा खुशी लागेको कुरा व्यक्त गर्नु हुदै हरेक क्षेत्रमा महिलाहरु माथिल्लो तहमा पुगेको देख्न चाहेको बताउनु भयो । उहांले संस्थागत प्रतिनिधित्व ३३ प्रतिशतको ठाउँमा ५० प्रतिशत हुनुपर्ने साथै नेपालको संबिधानमा व्यवस्था भएको महिलाहरुको आवश्यकताबारे चर्चा गर्नुहुदै यस्तो व्यवस्था हरेक क्षेत्रमा हुनुपर्ने आवश्यकता माथि जोड दिनु भयो ।

**महासंघका वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाबाट मन्तव्य :**




महासंघका वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाले कार्यक्रमको प्रशंसा गर्नुहुंदै देशको आर्थिक समृद्धिको लागि रोजगारीको सृजना गर्न जरुरी भएको बताउनुहुंदै देशको कूल जनसंख्याको ५२ प्रतिशत अंश भएको महिलाहरुबाट उद्यमशीलता विकासको माध्यमबाट रोजगारीको सृजना गर्ने कार्यमा योगदान पुऱ्याउन सक्ने बताउनु भयो । उहाँले महिला उद्यमीहरुको उद्यमशीलता विकासको लागि सीप विकासका साथै सहज रुपमा कर्जा उपलब्ध हुनुपर्नेमा जोड दिनुहुंदै यी कार्यहरु नेपाल सरकार एवं निजी क्षेत्रको साझेदारीमा हुन जरुरी भएको बताउनु भयो । उहाले जुनसुकै क्षेत्रमा महिलाहरुको प्रतिनिधित्व ३३ प्रतिशतबाट बढेको हेर्न चाहेको बताउनु हुंदै आफ्नो संस्थामा ४० प्रतिशत महिलाहरुलाई रोजगारी दिएको बताउनु भयो ।

**महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य श्री चण्डिराज ढकालबाट मन्तव्य :**




राष्ट्रिय गोष्ठीको समुद्घाटन कार्यक्रममा महासंघका पूर्व अध्याक्ष एवं विशिष्ट सदस्य श्री चण्डिराज ढकालले मन्तव्य व्यक्त गर्नु भएको थियो। मन्तव्यको क्रममा उहाले राष्ट्रिय अर्थतन्त्रको विकासमा महिला उद्यमीहरुले महत्वपूर्ण भूमिका निभाएको साथै महासंघको ५० वर्षको इतिहासमा पहिलो महिला अध्यक्ष भएको वस्तुतथ्य प्रस्तुत गर्नुहुंदै महासंघले महिला उद्यमीहरुलाई महत्वपूर्ण स्थान दिदै आएको तथ्य प्रस्तुत गर्नुभयो । उहाले वर्तमान परिस्थितिमा महिलाहरुको संस्थागत प्रतिनिधित्वले

परिवर्तनको आभाष मिलेको बताउनु हुदैं SAARC, WTO, SAFTA जस्ता अन्तराष्ट्रिय स्तरमा समेत महिला उद्यमीहरु स्थापित हुन सकेको बताउनु भयो ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थम माया थापाबाट सभालाई सम्बोधनः**




राष्ट्रिय गोष्ठीको समुद्घाटन पश्चात सभालाई सम्बोधन गर्नुहुँदै माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थम माया थापाले देशमा लामो समयसम्म भएको राजनैतिक अस्थिरता र अन्योलको वातावरणबाट देशमा उद्योग व्यवसाय क्षेत्रको विकास हुन नसकेको तथ्यमाथि प्रकाश पार्नुहुंदै अहिले देशमा राजनैतिक स्थिरताका साथै नीति, ऐन नियमहरुमा सुधारका साथै अनुकुल औद्योगिक व्यवसायिक वातावरण निर्माण भइरहेको यस स्थितिमा उद्यमी व्यवसायीले आ-आफ्ना स्थानबाट सरकारको उद्देश्य अनुसार समृद्ध नेपाल र सुखी नेपालीका लागि देशको सामाजिक आर्थिक विकासमा सहयोग पुऱ्याउन आग्रह भयो ।

माननीय मन्त्री श्री थापाले नेपाल प्राकृतिक रुपमा संसारकै धनी देश भएको र भौगोलिक एवं सांस्कृतिक विभिदताले भरिपूर्ण हाम्रो देशमा लघु, घरेलु तथा साना उद्योग, जलविद्युत, पर्यटन, कृषि तथा वन पैदावार आदि क्षेत्रहरु लगानीको लागि सम्भाव्य क्षेत्र भएकोले यी क्षेत्रहरुमा लगानी गरी देशमा उद्योग व्यवसायको विकास गर्नुपर्ने आवश्कतामाथि जोड दिनुभयो । साथै उहाले उद्यमशीलताको क्षेत्रमा प्रवेश गरेका महिला उद्यमीहरुको विकास गर्ने कार्यमा सहयोग गर्न नेपाल सरकार सधैं तत्पर रहेको वस्तुस्थिति प्रस्तुत गर्नुभयो ।

**प्रथम सत्र :**

समुद्घाटन कार्यक्रम पश्चात गोष्ठीको पहिलो सत्र महिला उद्यमी विकास समितिका सभापति श्री कमला श्रेष्ठको सभापतित्वमा प्रारम्भ गरियो । उक्त सत्रमा साना तथा मझौला व्यवसाय सम्बन्धी वरिष्ठ विज्ञ श्री गोविन्द देव पाण्डेले महिला उद्यमीहरुका चुनौति, समस्या तथा समाधानका लागि सुझावबारेको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिको क्रममा उहाले महिला उद्यमीहरुको चुनौति एवं समस्यामा मुख्यता निम्न समस्याहरु उल्लेख गर्नुभएको थियो :

- जानकारीको अभावले गर्दा धेरैजसो महिला उद्यमीहरुमा प्रतिस्पर्धात्मक क्षमतामा कमि रहेको ।
- अधिकांश महिला उद्यमीहरुमा नयाँ सोचको कमि रहेको ।
- अधिकांश महिला उद्यमीहरुमा अचल सम्पत्तिको स्वामित्व नभएको र यसबाट व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनको लागि पूंजी उपलब्धताको कमि रहेको ।
- आवश्यकता अनुसारको प्रविधिको ज्ञान तथा प्रविधि प्रयोग गर्न नसक्नुका साथै व्यवस्थापकिय पक्षमा त्यति अगाडी बढ्न नसक्नु ।

- बजारको माग तथा आवश्यकता अनुसार वस्तुको आपूर्ति तथा उत्पादन गर्न नसकी प्रतिस्पर्धात्मक तवरले अगाडी बढ्न नसक्नु लगायतका समस्याहरु रहेको ।

समस्या समाधानका लागि हुनुपर्ने व्यवस्थाहरुबारेको सुझाव :

- लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनको लागि छुट्टै नीति ल्याई निश्चित अवधिको लागि छुट एवं सहुलियतको व्यवस्था हुनुपर्ने ।
- धेरैजसो महिलाहरुमा अचल सम्पत्तिमा हक नहुने भएकोले जमानीमा वा परियोजना नै धितो राखी बैंक तथा वित्तिय संस्थाहरुबाट ऋण प्रवाहको लागि सरल तथा सुलभ व्यवस्था हुनुपर्ने ।
- सरकार एवं सम्बन्धित संघ संस्था तथा निकायहरुले बजारको माग अनुसार वस्तु तथा सेवाको उत्पादन तथा आपूर्ति गर्न सक्ने खालका कार्यक्रमहरु संचालन गरी महिला उद्यमीहरुलाई सक्षम बनाउनु पर्ने ।
- सरकारी एवं निजी क्षेत्रका संघ संस्थाहरुबाट सम्भाव्य भएका उद्यम व्यवसाय, प्रविधि, बजार लगायतका विषयहरुबारे जानकारी प्रवाहको व्यवस्था मिलाउनु पर्ने ।
- महिला उद्यमीहरुलाई उपलब्ध गराउन पर्ने सुविधाहरुमा सहुलियतपूर्ण व्यवस्थामा विना धितो ऋण उपलब्ध गराउनु पर्ने ।
- प्राविधिक सहायता उपलब्ध गराउनु पर्ने ।
- महिला उद्यमीहरुको क्षमता दक्षता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु आयोजना गर्नुपर्ने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यापार मेलामा सहभागिताको व्यवस्था मिलाउनु पर्ने ।
- महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणमा सहयोग हुनुपर्ने ।
- प्रविधी सम्बन्धी ज्ञान एवं प्रविधी आयातमा सुविधा दिनुपर्ने आदि रहेका छन् ।

**<u>दोस्रो सत्र :</u>**

राष्ट्रिय गोष्ठीको दोस्रो सत्रमा आन्तरिक राजश्व विभागका निर्देशक श्री सम्झना बरालले राजश्व सम्बन्धी नीति तथा ऐनमा भएका व्यवस्थाहरुबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुतिको क्रममा उहाले आयकर ऐन एवं राजश्व नीति ऐनहरुमा भएका निम्न मुख्य व्यवस्थाहरुबारे सहभागिहरुलाई जानकारी गराउनु भयो :

- करदाताले पान नम्बर लिएर मात्र कारोबार गर्ने ।
- राज्य संचालनको मूल आधार नै कर भएकोले व्यवसायीहरुले करमा दर्ता गरी विवरण बुझाउने ।
- रु. वीस लाख सम्म वार्षिक कारोबार हुने तथा मुनाफा रु. २ लाख सम्म हुने करदाताले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तोकिएको कर सहित आय विवरण दाखिला गर्ने ।

- रु. २० लाख भन्दा बढी रु. ५० लाख सम्म कारोबार भएका करदाताले आ.व. को पौष देखि आषाढ र श्रावण देखि आश्विनसम्म ०.२५ प्रतिशत र ०.७५ प्रतिशत बुझाउने ।
- नबुझाएमा आयकर ऐन अनुसार कम्तिमा रु २ हजार जरिवाना र शुल्क एवं १५ प्रतिशत व्याज लाग्ने व्यवस्था रहेको ।
- करमा दर्ता भएपछि विवरण बुझाईरहनु पर्ने ।
- कारोबार नगरी सधैंको लागि बन्द गर्ने भए कर कार्यालयमा बन्द गर्न निवेदन दिनु पर्ने ।

**तेस्रो सत्र :**

राष्ट्रिय गोष्ठीको तेस्रो सत्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव श्री विन्दा आचार्यले महिला उद्यमशिलता विकासको लागि औद्योगिक नीति, औद्योगिक व्यवसाय ऐन तथा वाणिज्य नीतिमा भएका व्यवस्थाहरुबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुतिकरणको क्रममा उहाले निम्न बुंदाहरुबारे सहभागिहरुलाई जानकारी गराउनु भयो :

- औद्योगिक व्यवसायिक नीति निर्माण तहमा महिलाहरुको प्रतिनिधित्व गराइने ।
- उद्योग स्थापना गर्न दिइने भेन्चर क्यापिटलमा महिलाहरुलाई प्राथमिकता दिईने ।
- महिला उद्यमीलाई वित्तिय स्थितिको आधारमा निर्यातकर्जा उपलब्ध गराउने ।
- लघु, घरेलु, साना तथा मझौला उद्योगहरु एवं महिला तथा सिमान्तकृत वर्ग र समुदायबाट संचालित उद्योगहरुलाई निर्यात व्यवपारमा आबद्ध गर्ने कार्यक्रम संचालन गरिने ।
- महिलाको नाममा जग्गा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट रहेको ।
- महिलाको स्वामित्वमा रहने उद्योग दर्तामा लाग्ने दस्तुरमा ३५ प्रतिशत छुटको व्यवस्था रहेको ।

**चौथो सत्र :**

राष्ट्रिय गोष्ठीको चौथो सत्रमा मेगा बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री अनुपमा खुन्जेलीले आजभन्दा ८ वर्ष अघि स्थापना भएको मेगा बैंक नेपालले हलो देखि हाइड्रो सम्मका उद्यम व्यवसायलाई सहयोग पुऱ्याउदै आएको र देशका विभिन्न जिल्लाहरुमा १०१ वटा शाखा कार्यालयहरु रहेको जानकारी गराउनु हुंदै महिलाहरुलाई उद्यम व्यवसाय गर्ने कार्यमा बैंकले सहयोग पुऱ्याउँदै आएको बताउनु भयो । जानकारीकै क्रममा उहाले मेगा बैंक नेपालमा कूल कर्मचारीहरुमा ४१ प्रतिशत कर्मचारी महिला भएको बताउनु भयो । वर्तमान समयमा बैंकिङ्ग साक्षरताका कार्यक्रमको आवश्यकता माथि

प्रकाश पार्नुहुंदै उहाले मेगा बैंक नेपालले महासंघसंग समन्वय गरी अगाडी बढ्न चाहेको बताउनु भयो । उद्योग व्यवसाय क्षेत्रमा बैंकले लगानी गर्ने कार्यमा सहयोग पुऱ्याउदै आएको बताउनु हुंदै मेगा बैंक नेपालका शाखाहरु गाउँ गाउँमा समेत विस्तार भइसकेको तथ्य प्रस्तुत गर्नुभयो । साथै उहाले बैंकले साना तथा व्यवसाय कर्जा योजना अन्तरगत सीप र दक्षताको आधारमा २४ घण्टाभित्र कर्जा निर्णय गरिने र ७ दिन भित्र कर्जा प्रवाह गरिने व्यवस्था रहेकोबारे प्रष्ट पार्नुभयो ।

मेगा बैंक नेपाल लिमिटेडले पुऱ्याउदै आएका अन्य सेवा एवं सुविधाहरुबारे बैंकका अधिकृत श्री जेनु थापाले राष्ट्रिय गोष्ठीमा सहभागिहरुलाई विस्तृत जानकारी गराउनु भएको थियो ।

**छलफल :**

कार्यक्रमको प्रस्तुती पश्चात छलफल प्रारम्भ भयो । छलफलमा सहभागिहरुबाट महिला उद्यमीहरुमा उद्योग व्यवसायसंग सम्बन्धित जानकारीको अभाव हुनुका साथै प्रविधी हस्तान्तरण एवं प्रयोगमा सम्बन्धित निकायहरुबाट सहयोग हुनुपर्ने, महिला उद्यमीहरुको लागि सरल एवं सुलभ तरिकाले कर्जा प्रवाहको व्यवस्था हुनुपर्ने, परियोजनालाई नै धितो राखी बैंक तथा वित्तिय संस्थाहरुबाट कर्जा प्रवाहको व्यवस्था हुनुपर्ने, महिला उद्यमशीलता विकास कोषबाट प्रवाह गरिने कर्जाको रकम बढाइनु पर्ने, महिला उद्यमी एवं व्यवसायमा सुरक्षाको चुनौति रहेकोले नेपाल सरकारबाट सुरक्षाको भरपर्दो व्यवस्था हुनुपर्ने, स्वदेशी उद्यम व्यवसायलाई प्रोत्साहन हुने किसिमको सरकारको नीति हुनुपर्ने, उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम व्यवसायीहरुको लागि पनि हुनुपर्ने, बजार अनुगमनको कार्य मर्यादित किसिमले एउटै निकायबाट मात्र हुनुपर्ने, उद्योग वाणिज्य संघले आयोजना गर्ने मेला महोत्सवलाई सरकार एवं सम्बन्धित निकायहरुले प्रोत्साहन गर्नुपर्ने, रुग्ण भएका उद्योगहरुलाई पुनर्स्थापनाको सम्भावनाको आधारमा पुनर्स्थापनाको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको थियो ।





**निस्कर्ष एवं सुझावको प्रस्तुति :**

छलफल पश्चात समितिका सभापति श्री कमला श्रेष्ठले छलफलमा सहभागिहरुबाट व्यक्त राय सुझावलाई मध्यनजर राखी साना मझौला व्यवसाय प्रवर्द्धनका वरिष्ठ विज्ञ श्री गोविन्द देव पाण्डेलाई गोष्ठीको निस्कर्ष तथा सुझाव प्रस्तुत गर्न अनुरोध गर्नुभयो । तत्पश्चात श्री गोविन्द देव पाण्डेले राष्ट्रिय गोष्ठीमा प्रस्तुत कार्यपत्रहरु एवं सहभागिहरुबाट व्यक्त राय सुझाव तथा धारणाको आधारमा गोष्ठीको निचोड तथा सुझाव प्रस्तुत गर्नुभयो । प्रस्तुत सुझाव सम्बन्धमा सामान्य छलफल भयो । छलफल पश्चात गोष्ठीबाट प्रस्तुत सुझावहरु पारित भयो ।

**महिला उद्यमी प्रवर्द्धन सम्बन्धी राष्ट्रिय गोष्ठीबाट पारित सुझावहरु :**

- महिला उद्यमीहरुको क्षमता अभिबृद्धी गरी उनीहरुलाई उत्पादनशिल उद्योग एवं व्यवसायिक क्रियाकलापतर्फ अग्रसर गराउन सरकारले ऐन कानुनमा सुधार गर्नुपर्ने, पूंजीको उपलब्धता एवं प्रोत्साहन गर्नुपर्ने ।

- संविधान एवं अन्य नीति, ऐन नियममा प्रतिबद्धता भए अनुसार नीति निर्माणका तहमा महिलाहरुको प्रतिनिधित्व बढाउनु पर्ने ।

- औद्योगिक नीति २०६७ मा घोषणा भएका लघु र घरेलु उद्योगका साथै महिला उद्यमशिलता प्रबर्द्धन र बिकाससँग सम्वद्ध नीति, ऐन नियमावलीहरुका प्रावधानहरु अक्षरस कार्यान्वयन गर्नुपर्ने ।

- महिला उद्यमीहरुबाट संचालित उद्यम व्यवसायमा महिलाहरुलाई बढि मात्रामा रोजगारी प्रदान गर्ने उद्यम व्यवसायलाई थप सुविधा एवं सहुलियत प्रदान गर्नुपर्ने ।

- अधिकांश स्वदेशी कच्चा पदार्थ र सीप प्रयोग गर्ने लघु र घरेलु उद्यमका उत्पादनहरुले विदेशी आयातित वस्तुहरुसँग प्रतिस्पर्धा गर्न नसक्ने हुँदा सरकारले स्वदेशी वस्तुहरुको संरक्षण गर्नुपर्ने ।

- व्यवसायिक संघहरुमा गठित महिला उद्यमीहरुको संघ/संस्थाहरुलाई उद्यमीहरुका लागि आवश्यक विभिन्न उद्यमशिलता सम्बन्धी कार्यक्रमहरु आयोजना गर्न संघिय, प्रदेश र स्थानिय सरकारी निकायहरुले आवश्यक सहयोग गर्नुपर्ने ।

- औद्योगिक नीति र ऐनमा उल्लेखित कोषहरुको नियमित संचालन गरी महिला उद्यमीको विकास एवं प्रबर्द्धन सम्वन्धी कार्यहरु प्रभावकारी रुपमा गर्न सघाउ पुऱ्याउनु पर्ने ।

- नेपाल सरकार एवं सम्बन्धित निकायहरुले महिला उद्यमीहरुबाट उत्पादित वस्तुको गुणस्तर विकासका लागि आवश्यक जानकारी प्रवाह, दक्षता विकास एवं परामर्श सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

- महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनका लागि सहकारी एवं सामूहिक बजार विकासमा प्रोत्साहन गर्नुपर्ने साथै सरकारी निकायहरुले गर्ने सार्वजनिक खरिद प्रणालीमा विशेष प्राथमिकता दिनुपर्ने ।

- महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको निर्यात प्रवर्द्धन एवं विस्तार गर्न प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने ।

- व्यवसायिक संघहरुमा गठित महिला उद्यमीहरुका संघ/संस्थाहरुले ईक्विटी, भेन्चर क्यापिटल प्रवाह गर्ने निकायहसँग समन्वय एवं सम्पर्क गरी महिला उद्यमीहरुलाई पूँजी उपलब्ध गर्न सहयोग गर्नुपर्ने ।

- महिला उद्यमीहरुमा उद्योग व्यवसायसंग सम्बन्धित जानकारीको अभाव हुनुका साथै प्रविधी हस्तान्तरण एवं प्रयोगमा सम्बन्धित निकायहरुबाट सहयोग हुनुपर्ने ।

- महिला उद्यमीहरुको लागि सरल एवं सुलभ तरिकाले कर्जा प्रवाहको व्यवस्था हुनुपर्ने साथै परियोजनालाई नै धितो राखी बैंक तथा वित्तिय संस्थाहरुबाट कर्जा प्रवाहको व्यवस्था हुनुपर्ने ।

- महिला उद्यमशीलता विकास कोषबाट प्रवाह गरिने कर्जाको रकम बढाइनु पर्ने ।

- महिला उद्यमी एवं व्यवसायमा सुरक्षाको चुनौति रहेकोले नेपाल सरकारबाट सुरक्षाको भरपर्दो व्यवस्था हुनुपर्ने ।

- स्वदेशी उद्यम व्यवसायलाई प्रोत्साहन हुने किसिमको सरकारको नीति हुनुपर्ने ।

- उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम व्यवसायीहरुको लागि पनि हुनुपर्ने ।

- बजार अनुगमनको कार्य मर्यादित किसिमले एउटै निकायबाट मात्र हुनुपर्ने ।

- उद्योग वाणिज्य संघले आयोजना गर्ने मेला महोत्सवलाई सरकार एवं सम्बन्धित निकायहरुले प्रोत्साहन गर्नुपर्ने ।

- रुग्ण भएका उद्योगहरुलाई पुनर्स्थापनाको सम्भावनाको आधारमा पुनर्स्थापनाको व्यवस्था हुनुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको थियो ।

- नेपाल सरकार, निजी संघ संस्था एवं सरोकारवाला निकायहरुले महिलाहरुको उद्यमशिलता विकासमा आएका अवसर, चनौती, समसामयिक गतिविधीवारे जनचेतनाको विकास गर्ने कार्यक्रमहरुमा व्यापकता ल्याउनुपर्ने ।

- नेपाल राष्ट्र बैंकले महिला उद्यमीहरुलाई सरल र सहज रुपमा आवश्यकता वमोजिम कर्जा उपलब्ध गराउन अनुकुल लगानी नीतिवाट वित्तिय संस्थाहरुलाई निर्देशित गर्नुपर्ने ।

- अधिकांश महिलाहरुको नाममा स्थिर सम्पत्ति नहुने हुँदा रु.२० लाख सम्मका उद्योग परियोजनाहरुमा परियोजना धितो राखी ५/७ वर्षको दीर्घकालिन ऋण दिने व्यवस्था हुनुपर्ने ।

- औद्योगिक व्यवसाय ऐन २०७३ एवं आयकर ऐन बिच समान्जस्यता गराई महिला उद्यमीहरुका लागि व्यवस्था गरिएको सहुलियत एवं कर छुटबारे जानकारी एवं सहजिकरण गर्नुपर्ने ।

- महिला उद्यमीहरुले सामना गर्नु परेका समस्या एवं चुनौतीहरुको समाधानका लागि संस्थागत रुपमा एकजुट भई सम्बन्धित निकायहरुमा पहल गर्नुपर्ने ।

- महिला उद्यमीहरुलाई प्रोत्साहन दिई हौसला बढाउन अवलोकन भ्रमण, आन्तरिक र बाह्य प्रदर्शनीहरुमा  सहभागीता, उद्यमी पुरस्कार, कदर सम्मान जस्ता कार्यहरुमा व्यापकता दिनुपर्ने ।

**समापन :**







महिला उद्यमी प्रवर्द्धन सम्बन्धी राष्ट्रिय गोष्ठीको समापन कार्यक्रम समितिका सभापति श्री कमला श्रेष्ठको सभापतित्वमा भएको थियो । समापन कार्यक्रममा उहाले महिला उद्यमी विकास समितिले विगतका दिनहरुमा पनि यस्तै किसिमका गोष्ठी तथा कार्यक्रम गर्दै आएको र आगामी दिनमा पनि नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवं विभागहरुको समन्वयमा महिला उद्यमीहरुको प्रवर्द्धनको लागि उपयोगी हुने किसिमका कार्यक्रमहरु आयोजना गर्ने आफ्नो उद्देश्य रहेको बताउनु भयो । यस राष्ट्रिय गोष्ठीबाट सहभागिहरुलाई उद्यम व्यवसायसंग सम्बन्धित नीति ऐन नियमहरुबारे जानकारी हुनुका साथै महिला उद्यमीहरुले के कस्ता समस्याहरु सामना गर्दै आएका छन् भन्नेबारे प्रष्ट रुपमा छलफल भई गोष्ठीबाट महिला उद्यमीहरुको प्रवर्द्धनको लागि हुनुपर्ने व्यवस्थाहरुबारे सुझाव पारित भएका छन् । यी सुझावहरुलाई कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पेश गरिने व्यहोरा प्रस्तुत गर्नुभयो ।

समापनकै क्रममा उहाले महासंघको महिला उद्यमी विकास समितिको समन्वयमा उद्योग वाणिज्य संघ, इटहरीले मिति २०७४ साल चैत्र महिनामा आयोजना गरेको महिला उद्यमी भेला एवं महिला उद्यमी मेलामा समितिका उपसभापति श्री सरु के.सी. र  मिति २०७५ साल जेठ महिनामा पोखरा उद्योग वाणिज्य संघको महिला उद्यमी विकास उपसमितिले आयोजना गरेको महिला उद्यमी भेला एवं मेला समितिका सदस्य श्री सीता बरालले निभाउनु भएको भूमिका तथा योगदानलाई कदर गरी उहाहरु दुवैजनालाई महासंघको तर्फबाट सम्मान पत्र प्रदान गर्नुभयो ।

समापनको अन्त्यमा उहाँले गोष्ठीमा सहभागिता गर्नुभएका सम्पूर्ण सहभागिहरु, कार्यपत्र प्रस्तुतकर्ताहरु श्री गोविन्द देव पाण्डे, श्री सम्झना बराल, श्री विन्दा आचार्य, श्री जेनु थापालाई धन्यवाद दिनुभयो । साथै उहाँले मेगा बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री अनुपमा खुन्जेलीलाई गोष्ठीमा उपस्थित हुनुभई सहभागिहरुलाई सम्बोधन गरी प्रोत्साहन गर्नु भएकोमा हार्दिक आभार सहित धन्यवाद दिनुभयो । धन्यवाद कै क्रममा उहाँले महिला उद्यमी विकास समितिका उपसभापतिहरु श्री रविना देशराज श्रेष्ठ, श्री रम्भा श्रेष्ठ, श्री सरु के.सी. र श्री सीता अधिकारी साथै सदस्यहरु श्री जानुका ढकाल, श्री राज्यलक्ष्मी शाक्य लगायत सम्पूर्ण सदस्यहरु एवं सल्लाहकारहरुलाई गोष्ठी आयोजनाको साथै साँझमा आयोजना हुने महिला उद्यमी प्रवर्द्धन सुमधुर साँझ आयोजनाको लागि सक्रिय रुपमा लागि सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिनु हुँदै महिला उद्यमीहरुको प्रवर्द्धन सम्बन्धी राष्ट्रिय गोष्ठीको समापन गर्नुभयो ।

गोष्ठी पश्चात सोही दिन साँझ महिला उद्यमी प्रवर्द्धन सुमधुर साँझ नामक मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न विधाका लोकप्रिय कलाकारहरूले आ-आफ्ना क्षेत्रका कलासँस्कृति प्रवर्द्धन सम्बन्धी प्रस्तुती गरिएको थियो ।

